# रेडियो पत्रकारको जिम्मेवारीमा किशोरीको नेतृत्व
# गर्ल्स टेकओभर अन रेडियो (Girl's Takeover on Radio)
# कार्यक्रम सञ्चालन निर्देसिका

अन्तराष्ट्रिय गैरसरकारी संस्था प्लान इन्टरनेशनल नेपालले किशोरीहरुका सवालमा जनचेतना जगाउने उद्देश्यका साथ नेपाल लगायत विश्वभरी गर्ल्स टेकओभर विभिन्न कार्यक्रमका साथ गर्दै आएको छ। किशोरीहरुलाई उनीहरुको नियमित संलग्नता भन्दा फरक भूमिकामा निश्चित समयसम्म जिम्मेवारी बहन गराउने अभियानको रुपमा गत वर्ष जस्तै "रेडियो पत्रकारको जिम्मेवारीमा किशोरीको नेतृत्व" अर्थात "टेक ओभर (Takeover)" कार्यक्रम गर्न लागिएको छ । असोज २५ गते अर्थात अक्टोबर ११, विश्व बालिका दिवसका अवसरमा देशैभरिका तीन सय वटा रेडियोमा किशोरीले रेडियोको बहसमुलक कार्यक्रम सञ्चालन गर्नेछन्। प्रत्येक रेडियोमा २ जना किशोरी अभियान्ताहरुलाई छनोट गरि छलफलमा सहभागि गराईने छ। पोहोर साल टेकओभर गर्ने किशोरीले नै उक्त २ जना किशोरी अभियान्ताहरुसँग आधा घण्टाको छलफल कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यदि पोहोर साल टेकओभर गर्ने किशोरी उपलब्ध हुन नसकेमा तल उल्लेख गरिएको क्राइटेरिया अनुसार प्रस्तोता किसोरी छनोट गर्नु पर्नेछ।

पोहोर सालको बालिका दिवस झैं यस वर्ष पनि नेपालमा देशभरका ३०० वटा सामुदायिक रेडियोहरुका नियमित तथा चर्चित बहसमूलक कार्यक्रमको नेतृत्व तथा सञ्चालन किशोरीले लिनेछिन्। सिक्ने र नेतृत्व लिने कार्यमा किशोरीले पनि उत्तिक्कै क्षमता बहन गर्न सक्छन् भन्ने धारणा निर्माण गराउनका लागि रेडियोमा "रेडियो पत्रकारको जिम्मेवारीमा किशोरीको नेतृत्व" अर्थात "टेक ओभर अन रेडियो (Takeover on Radio)" गर्न लागिएको हो। बहसमूलक रेडियो कार्यक्रममा किशोरी अभियान्ता वा परिवर्तनका सम्बाहक किसोरी दुई जनालाई सहभागि गराई उनीहरुबीचको छलफलका माध्यमबाट उनीहरुजस्तै अन्य किशोरीहरुका सवाल उठाउने, प्रश्नहरु सोध्ने तथा समाधानका लागि प्रतिबद्धता लिने अवसरको रुपमा यस कार्यक्रमलाई लिइएको छ।

रेडियोले गर्नु पर्ने काम

१) पोहोर साल टेकओभर कार्यक्रम सञ्चालन गरेको किशोरीलाई यस पटक पनि टेकओभर गर्नको लागि छनोट गरिएको जानकारी दिई तयारी गराउने। पोहोर टेकओभर गरेको किसोरी उपलब्ध नहुने अवस्था भएमा चौध देखि उन्नाइस बर्ष उमेर समूहको सम्भव भएसम्म सिमान्तकृत तथा पिछ्डिएको वर्गको प्रतिनिधित्व गर्ने किशोरीलाई छनौट गरी आफ्नो चर्चित बहसमूलक कार्यक्रम सञ्चालनको अवसर प्रदान गर्ने। पोहोर साल टेक ओभरमा सहभागि नभएको रेडियोको सन्दर्भमा पनि किशोरी छनोट गर्दा माथिको कुरामा ध्यान दिनु पर्नेछ।

कार्यक्रम सञ्चालन वा होष्ट गर्ने किशोरी छनोटका काईटेरिया अर्थात आधारहरु

क) किसोरी १४ देखी १९ वर्ष उमेर समूहको ।
ख) यसअघि रेडियोका कुनैपनि कार्यक्रममा संलग्न नभएको तर स्पष्ट बोल्न र अभिव्यक्त गर्न सक्ने क्षमता भएको । (अनिवार्य)
ग) बाल क्लव, युवा क्लब वा अन्य संयन्त्रहरुमा सक्रिय रुपमा संलग्न भएको ।
घ) समावेशिताका आधारहरु जस्तै दलित तथा पछाडी पारिएको समुदाय तथा अपांगता भएका वा अन्य सामाजिक उत्पिडनमा परेकोलाई प्राथमिकता दिने ।
ङ) बालबालिका तथा किशोरीका बिषय र बालअधिकारको जिल्ला र राष्ट्रिय तहका सवालहरु बुझेको ।
च) बालिका तथा किशोरीको सवालमा काम गर्न इच्छुक ।
छ) प्लान इन्टरनेसनल नेपाल कार्यरत जिल्लाहरुका हकमा भने यसअघि गरिएका कार्यक्रमहरुका सहभागिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।
ज) अपांगता भएका तथा फरक क्षमता भएका किशोरीलाई छनोट गर्नु पर्नेछ ।
झ) एकल महिलाका सन्तान, भूमिहिन, बाल श्रमिक जस्ता पृष्ठभुमि भएकालाई प्राथमिकता दिने ।
ञ) लैगिंक तथा वालबालिकाको सवालमा जानकारी भएको, त्यस्ता मुद्धाहरुमा कृयासिल भएको ।
ट) रेडियोमा बोल्ने र प्रस्तुती गर्ने इच्छा र रुची भएको ।

गेष्ट अर्थात छलफलमा अन्तरवार्ता दिने किशोरी छनोटका काईटेरिया अर्थात न्युनतम आधारहरु
क) किसोरी १० देखी २४ वर्ष उमेर समूहको ।
ख) यसअघि रेडियोका कुनैपनि कार्यक्रममा संलग्न नभएको तर स्पष्ट बोल्न र अभिव्यक्त गर्न सक्ने क्षमता भएको ।
ग) किशोरी सञ्जाल, किशोरी समूह वा केन्द्र, बाल क्लव, युवा क्लब वा अन्य संयन्त्रहरुमा सक्रिय रुपमा संलग्न भएको ।
घ) समावेशिताका आधारहरु जस्तै दलित तथा पछाडी पारिएको समुदाय तथा अपांगता भएका वा अन्य सामाजिक उत्पिडनमा परेकोलाई प्राथमिकता दिने ।
ङ) बालबालिका तथा किशोरीका बिषय र बालअधिकारको जिल्ला र राष्ट्रिय तहका सवालहरु बुझेको, परिवर्तनका संवाहकको रुपमा काम गरेका अभियान्ता ।
च) बालिका तथा किशोरीको सवालमा काम गर्न इच्छुक ।
छ) प्लान इन्टरनेसनल नेपाल कार्यरत जिल्लाहरुका हकमा भने यसअघि प्लानले गरेको कार्यक्रमहरुका सहभागिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

ज) अपांगता भएका तथा फरक क्षमता भएका किशोरीलाई छनोट गर्नु पर्नेछ ।
झ) एकल महिलाका सन्तान, भूमिहिन, बाल श्रमिक जस्ता पृष्ठभुमि भएकालाई प्राथमिकता दिने ।
ञ) लैगिंक तथा वालबालिकाको सवालमा जानकारी भएको, त्यस्ता मुद्धाहरुमा कृयासिल भएको ।
ट) रेडियोमा बोल्ने र प्रस्तुती गर्ने इच्छा र रुची भएको ।

रेडियोले आफ्नो रेडियोमा किशोरी दिवसका दिन टेकओभर कार्यक्रम हुन लागेको र त्यस कार्यक्रममा गेष्ट तथा होष्ट किशोरीका रुपमा सहभागि हुनेले रेडियोमा सम्पर्क राख्नुहोस भनेर आह्वान गरेमा क्षमताबान किशोरी छनोट गर्न सकिन्छ । किशोरीहरुलाई छनोट गर्दाकै चरणमा कार्यक्रम सञ्चालक र अतिथी दुवैको प्रयास स्वयंसेवी हो भनेर प्रष्ट बताउनु पर्दछ ।

२) रेडियोको प्रसिद्ध बहसमूलक कार्यक्रमलाई त्यो दिन किशोरीलाई सञ्चालन गर्नु पुर्व उहाँलाई  रेडियो अन्तर्वार्ता र उठाउने बिषय बस्तुको बारेमा अभिमूखिकरण तथा अभ्यासको अवसर प्रदान गर्नु पर्दछ ।
३) अन्तवार्ताका लागि स्थानीय २ जना किसोरी स्टुडियोमा बोलाउनु पर्नेछ । १० देखी २४ वर्ष उमेर समुहका, सम्भव भएसम्म सिमान्तकृत तथा पिछडिएको वर्गको प्रतिनिधित्व गर्ने किशोरी अधिकारकर्मी वा अभियान्तालाई छनौट गर्नु पर्दछ । अन्तरवार्ता दिने र अन्तरवार्ता लिने किसोरीहरुले कार्यक्रम प्रसारण पुर्व बिषयबस्तुको तयारी र पूर्व अभ्यास गर्न पाउनु पर्दछ । रेडियोको फोकल पर्सनले गुणस्तरिय तथा सुनौ सुनौं लाग्ने छलफल कार्यक्रम बनाउनको लागि महत्वपूर्ण भूमिका खेल्नु पर्दछ ।
४) प्लान इन्टरनेसनल नेपाल कार्यरत जिल्लाहरुमा ( सिन्धुली, सुनसरी, मोरङ, रौतहट, मकवानपूर, बाँके, बर्दिया र जुम्ला ) प्लान इन्टरनेसन जिल्ला कार्यालयका फोकल पर्सनसँग बैठक गरि उहाँको सल्लाह र निर्देशन अनुसार रेडियो कार्यक्रम सञ्चालन गर्ने किसोरी र अन्तरवार्ता दिने २ जना किसोरी अभियान्ताको छनोट गर्नु पर्दछ ।
५) सीआईएनले इमेलमा पठाएको कन्सेन्ट लेटर अर्थात स्वीकृति पत्रलाई प्रिन्ट गरेर अन्तरवार्ता लिने किसोरी र अन्तरवार्ता दिने किसोरी तीनै जनालाई भर्न लगाई हस्ताक्षर गरी स्टेशनको छाप लगायर अक्टोबर ९ तारिखमा सीआईएनमा पठाईसक्नु पर्नेछ ।

६) तीनै जना किसोरीलाई सुरक्षित र निर्धक्क हुने वातावरण सृजना गर्नको लागि रेडियोको एक जना महिलालाई कार्यक्रम अवधीभरि सँगै बस्ने बातावरण बनाउनु पर्दछ । स्टुडियोमा आउदा जादा अभिभाबक वा  भरपर्दो मानिस साथमा हुनु पर्दछ ।

७) कार्यक्रम सञ्चालक किशोरीलाई अभिमूखिकरण तथा अभ्यास ।
छनौट गरिएको किशोरीलाई रेडियोले आफ्नो नियमित तथा चर्चित कार्यक्रमकै सञ्चालकको संलग्नतामा अभिमूखिकरण गर्ने तथा बिभिन्न शीप सिकाउनुपर्नेछ । जसमा रेडियो बहस कार्यक्रम सञ्चालन कला, प्रश्न तयार गर्ने तथा सोध्ने कलाहरुका साथै रेडियोमा उठान गर्न सकिने विषयवस्तुहरु समेट्नुपर्नेछ । साथै, रेडियोको स्टुडियोमा बसेर अन्तर्वार्ताको अभ्यास तथा नमुना रेडियो बहस कार्यक्रम सञ्चालन पनि गर्नुपर्नेछ ।

८) कार्यक्रमको विशेष प्रर्वद्धन तथा प्रचार प्रसार ।
छनौट गरिएकी किशोरीको आवाजमा अन्तर्राष्ट्रिय किशोरी दिवसका अवसरमा सञ्चालन गरिने रेडियो बहस कार्यक्रमको बारेमा कम्तीमा दुईवटा रेडियो प्रोमो बनाएर कार्यक्रम अघि पाँच दिनसम्म प्रशारण गर्नुपर्नेछ । जिंगल प्रशारण हरेक दिन चार पटक सम्म प्रशारण गर्नुपर्नेछ ।
बहसमूलक रेडियो कार्यक्रम सञ्चालन गर्दा गर्दै फोटो खिच्ने, भिडियो खिच्ने र सामाजिक सञ्जालमा पोष्ट तथा सेयर गर्ने काम गर्नु पर्दछ । त्यस भन्दा अघि नै तीनै जना किशोरीलाई कन्सेन्ट लेटर वा स्वीकृति पत्रमा हस्ताक्षर गराउनु पर्दछ ।
स्टुडियोमा किशोरीले छलफल कार्यक्रम चलाउदा प्लान, अकोराब र आफ्नो रेडियोको लोगो अंकित सीआईएनले डिजाइन गरेर पठाएको ब्यानर टाँस्ने । कार्यक्रम सञ्चालक किशोरी र अन्तवार्ता दिने २ जना किसोरीहरु प्रष्ट देखिने फोटा खिचेर एक पेज रिपोर्ट लेखेर सीआईएनमा पठाउने । सम्भव भएसम्म सामाजिक सञ्जालमा प्रत्यक्ष प्रशारण गर्ने र फोटो पोष्ट गर्नु पर्दछ । कार्यक्रम स्थानीय भाषामा सञ्चालन गर्नका लागि प्रोत्साहन गरिनेछ । कार्यक्रम सकिएपछि किशोरीहरुलाई प्रमाणपत्र प्रदान पनि गरिनेछ ।
९. कार्य्रक्रम सञ्चालक तथा अन्तरवार्ता दिने किशोरीको प्रोफाइल तयार गरेर सीआईएनमा अक्टोवर ७ तारिख सम्ममा पठाउनु पर्नेछ , जसमा किसोरीको परिचय, उहाँले गर्नु भएको महत्वपुर्ण काम र योगदान र उहाँको पृष्ठभुमिलाई समेट्नु पर्नेछ, सम्भब भए फोटो पनि पठाउनु पर्नेछ । इमेलः cintakeover@gmail.com
१०) खर्च भुक्तानी तथा रिपोर्टिङको बारेमा तल एट्याच गरिएको सम्झौता पत्र अनुसार हुनेछ । सम्झौतामा हस्ताक्षर गरि रेडियोको छाप लगाई सकभर चाढो पठाउनु होला ।
११) सम्भावित बिषयबस्तुहरु
किशोरी शिक्षाका कुरा, किशोरी नेतृत्व, बाल अधिकार र बाल संरक्षणका कुरा, महिला अधिकार, लैंगिक समानता, युवा अधिकार र बाल तथा युवा मैत्री स्थानिय शासन, वाल विवाह न्युनिकरण, स्थानीय तहको बजेट र कार्यक्रममा किशोरीलाई कति प्राथमिकता लगायतका बिषयबस्तुहरु समेट्न सकिन्छ ।
कार्यक्रमको ढाँचा पनि सीआईएनले पठाउनेछ ।

अकोराब र सीआईएनले आफ्ना परियोजना संयोजक र कर्मचारी मार्फत रेडियोहरुलाई फोन मार्फत कार्यक्रमका बारेमा विस्तृत जानकारी गराउनेछ । त्यसैका आधारमा रेडियोका जिम्मेवार कार्यक्रम उत्पादक तथा फोकल पर्सनले किशोरीलाई अभिमुखिकरण तालिम प्रदान गर्नु पर्नेछ ।

रेडियोले सुरुमा यो कार्यक्रमको जिम्मा लिने फोकल पर्सनको नाम, सम्पर्क नम्वर र इमेल ढेगाना अकोराबलाई उपलब्ध गराउनु पर्दछ। त्यस पछि तोकिएका आधार अनुसार नै किशोरी प्रस्तोता र अन्तरवार्ता दिने २ जना अभियान्ता किसोरी छनोट गर्नु पर्दछ। किशोरीहरुलाई रेडियोले सामान्य प्रशिक्षण दिनु पर्दछ । त्यसपछि कार्यक्रम प्रसारण हुने दिन स्टुडियोमा अकोराबले पठाएको ढाँचाको ब्यानर राखेर कार्यक्रम सञ्चालन गर्नु पर्दछ। त्यसको फोटो खिचेर, कार्यक्रमको रेकर्ड अडियो अकोराबमा पठाएपछि मात्रै बिल अनुसारको रकम भुक्तानी हुन्छ। रेडियोले प्राप्त गर्ने रकम र काम लेखिएको सम्झौता पत्र पनि अकोराबले सबै रेडियोमा पठाउने छ।

कार्यक्रम सकभर प्रत्यक्ष प्रशारण (लाईभ) गर्ने र सामाजिक सञ्जालबाट पनि विश्वभरी प्रत्यक्ष प्रशारण (लाईभ) गर्न सके उत्कृष्ट मानिने छ। भौगोलिक जटिलता, साधन स्रोतको अभाव र किसोरीहरुको समय व्यवस्थापन गर्न समस्या भए रेकर्डिङ गरेर प्रसारण गर्न सकिने छ। कुन समयमा रेकर्ड र प्रसारण हुन्छ त्यो समयको जानकारी सीआईएनमा पठाउनु पर्दछ।

इमेल पठाउदा यो आईडिमा पनि पठाउनु होला cintakeover@gmail.com

माथि उल्लिखित गतिविधिहरु समाप्त भएपछि सीआईएनले उपलब्ध गराएको ढाँचामा प्रगति प्रतिवेदन, कार्यक्रम अडियो तथा भिडियो र बिलहरु पठाउनुपर्नेछ। बिल प्राप्त भएको एक सातादेखि १५ दिनभित्र रेडियोको बैंक खातामा रकम जम्मा गरिनेछ।